# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# नरैनापुर गाउँपालिका, बाँके




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सामाजिक सेवा बिभाग

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या:- २०७६/७७
च.नं : ४३

मिति: २०७७/३/२९

श्री अध्यक्ष ज्यू,
नरैनापुर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बाँके ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड,वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता पर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २९ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**(प्रादेशिक लेखापरीक्षण प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या: २०७६।७७
च.नं. ४३

मिति: २०७७।३।२९

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
नरैनापुर गाउँपालिका, बाँके ।

**कैफियत सहितको राय**

हामीले नरैनापुर गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु ५ करोड ७६ लाख २६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ४५ लाख ५९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड ४० लाख १२ हजार नियमित गर्नुपर्ने रु. १ करोड ९४ लाख ५० हजार पेश्की बाँकी रु ९६ लाख ५ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २५ (पचिस) को यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# नरैनापुर गाँउपालिका
## लेखापरीक्षण प्रतिवेदन,
## २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाँउपालिका स्थापनाको प्रमुख उदेश्य हो । ५ नं. प्रदेशमा अवस्थित यस गाँउपालिका अर्न्तगत ६ वडा, ३२ सभा सदस्य रहेका छन् । १७२.३४ व.की.मी.क्षेत्रफल ओगटेको यस गाँउपालिकाको जनसंख्या करीब ४०८०० रहेको छ ।

**स्थानीय सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत समाबेस भएको आर्थिक वर्ष २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| | विवरण | रकम | | विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | १२९६२९१४८.२४ |
| | क) बैंक | ४,९४,२५००० | २ | **पूँजीगत खर्च** | १३९७३२१२०.६७ |
| | ख) कर्मचारी कल्याण कोष | | ३ | **शसर्त अनुदान** | ९१४६६४८१.०७ |
| | धरौटी | ५७,०१,४५३.१९ | ४ | **विषयगत निकाय खर्च** | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | क) सामाजिक सुरक्षा | ४,५२,७५,०००. |
| | क) आन्तरिक राजस्व | ४५०२०००. | | ख) प्रधानमत्री रोजगार कार्यक्रम | २५,७०,६७९. |
| | ख) राजस्व बाँडफाँड | ९०७७६०१८.९१ | | ग)गरिव सँग विश्वेश्वर | ४,७५,०५०. |
| | ग) अन्य आय | | | घ)प्रदेश तथा स्थानीय तह क्षमता अभिवृद्दि | ३,०५,०००. |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ङ)तराई मधेश समृद्धि | ८७,९२,१८०. |
| | क)वित्तीय समानीकरण अनुदान | ११०५०००००. | | च) स्थानिय पूर्वाधार साझेदारी विकास | ७६,७३,१७५. |
| | ख) सशर्त अनुदान | १०९९८६०००. | | **धरौटी फिर्ता** | १२,७६,०३०. |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ५ | **अन्य खर्च** | ५३४८३५४. |
| | क)वित्तीय समानीकरण अनुदान | ४५४२०००. | ६ | **को.ले.नि.का. फिर्ता** | |
| | ख) सशर्त अनुदान | ९६०००००. | | शसर्त अनुदान | १८५१९५१८.९३ |
| | ग) समपूरक अनुदान | ०.० | | प्रदेश तर्फको | ५३७६००. |
| | घ) विशेष अनुदान | ०.० | ७ | **मौज्दात** | |
| ५ | **विषयगत निकायबाट प्राप्त रकम** | | | क) नगद मौज्दात | |
| | क)सामाजिक सुरक्षा | ४,५२,७५,०००. | | ख) बैंक मौज्दात | |
| | ख)प्रधानमत्री रोजगार कार्याक्रम | २५,७०,६७९. | | ग) कर्मचारी कल्याण कोष | |
| | ग)गरिव सँग विश्वेश्वर | ४,७५,०५०. | | घ) धरौटी मौज्दात | ६४,२१,३९६.३९ |
| | घ)प्रदेश तथा स्थानीय तह क्षमता अभिवृद्दि | ३,०५,०००. | | ङ) युनिसेफ | |
| | ङ)तराई मधेश समृद्धि | ८७,९२,१८०. | | | |
| | च) स्थानिय पूर्वाधार साझेदारी विकास | ७६,७३,१७५. | | | |
| | **धरौटी आय** | २०,१२,२२३.२० | | | |
| | **लगानीको साँवा फिर्ता** | | | | |
| | **अन्य विविध आय** | ५८८५९५४. | | | |
| | युनिसेफ | | | | |
| | **जम्मा** | **४५८०२१७३३.३०** | | **जम्मा** | **४५८०२१७३३.३०** |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **बजेट पेश गर्ने तथा पारित गर्ने -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था अनुरुप गाँउसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७५ आषाढ ३२ गते स्वीकृत गरेको छ। | |
| २. | **घटी जिम्मेवारी :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिकसँग भएको आन्तरिक जाँच गरी गराई कारोवार ठिक रहेको कुरामा विश्वस्त हुनुपर्ने व्यवस्था छ। गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने रु. ७५८६५०००।००उल्लेख भएकोमा रु. ५५१२६०००जिम्मेवारी सारेकोले रु.२०७३९०००।०० घटी जिम्मेवारी सारेको देखिन्छ। घटी रु.२०७३९०००।०० जिम्मेवारी सारेको रकम एकिन गरी हिसाव मिलान गर्नुपर्ने रु... | २०७३९००० |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। गाँउपालिकाले आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरेको छैन। यसबाट योजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण नगरेको, सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग संम्वोधन नगरेको, योजना कार्यान्वयन तालिका निर्माण नगरेको, आयोजनाको भौतिक प्रगति मुल्यांकन नगरेको, करको दायरा पहिचान नगरेको , योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण नगरेको, प्रशासनिक खर्चको सीमा निर्धारण नगरेको, अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण नगरेको, प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ नगरेको, खरिद योजना तयार नगरेको, निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने समय उल्लेख नगरेको, मु.अ.कर. भुक्तानी जानकारी नपठाएको, डोर हाजिरी नियन्त्रण खाता नराखेको, नापि किताब नियन्त्रण खाता नराखेको, कार्य अभिलेख खाता नराखेको, जिन्सी प्राप्त भएको ७ दिन भित्र आम्दानी नबाधेको, भुक्तानी भएको विलमा भुक्तानी भएको भनि छाप लगाउने नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, भ्रमण अभिलेख खाता नराखेको, अनुगमन प्रतिवेदन लिने नगरेको, पेश्की खाता नराखेको, प्रथम चौमासिक अवधीमा सम्पन्न गर्नु पर्ने खरिद सम्झौता लगायतका कार्य नगरेको, करकट्टी गरिएको रकम सोही बखत दाखिला नगरि ढिलो दाखिला गरेको जस्ता कमीकमजोरी देखिएकोले, कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी आन्तरिक नियन्त्रण व्यवस्था मजवुत बनाउनु पर्दछ। | |
| ४. | **सेवा प्रवाहको स्थिति** : गाँउपालिकाले यस वर्ष सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको वास्तविक विवरण प्राप्त गर्न सकिएन। लेखापरीक्षणको क्रममा कार्यालयको प्रशासन फाँटबाट दिइएको जानकारीको आधारमा यस वर्ष गाँउपालिकाबाट निम्नानुसार सेवा प्रवाह भएको देखिन्छ : | |

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरणतर्फ** | |
| १. | जन्म दर्ता | १९२८ |
| २. | मृत्यू दर्ता | २८३ |
| ३. | बसाईंसराईं दर्ता | २६ |
| ४. | बिबाह दर्ता | ५०२ |
| ५. | सम्बन्धविच्छेद दर्ता | १ |
| | **अन्य सिफारिस** | |
| ६. | नाता प्रमाणित सिफारीस | विवरण प्राप्त नभएको |
| ७. | नागरीकता सिफारिस | विवरण प्राप्त नभएको |
| ८. | अन्य सिफारीस | विवरण प्राप्त नभएको |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| ९. | सडक ग्राभल (कि.मि.) | १५ |
| १०. | Track opening (कि.मि.) | ६ |
| ११. | PCC(कि.मि.) | १२ |

| | | |
|---|---|---|
| ५. | **कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। यस व्यवस्था अर्न्तगत यो वर्ष गाँउपालिकाले तर्जुमा गरेका निम्न कानुनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् : | |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| सि.नं. | कानुनको नाम |
|---|---|
| १ | विनियोजन ऐन, २०७६ |
| २ | आर्थिक ऐन, २०७६ |

गाँउपालिकाले आवश्यक पर्ने अन्य ऐन, नियम, निर्देशिका समयमा नै तयार गरी पालिकाको कार्यसम्पादन व्यवस्थित तुल्याउनु पर्दछ ।

६. **स्रोत अनुमान तथा बजेट सीमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याइए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

७. **कार्यक्रम तथा योजना संशोधनः** आवश्यकता, प्राथमिकीकरण र पहिचानको आधारमा योजना छनौट गरिनुपर्ने व्यवस्था छ । गाँउपालिकाको २०७५ असार १० गतेको सभावाट स्वीकृत नगरस्तरिय तथा वडा नं. १ देखि ६ सम्म वडास्तरिय योजना मध्ये कतिपय योजना कार्यपालिकाको निर्णयबाट मर्जर तथा संशोधन गरी कार्यगरेको देखिन्छ । योजना मर्जर गर्ने, संशोधन गर्ने, छुट्याउने स्थितिले योजनाको आवश्यकता र प्राथमिकीकरण निर्धारण प्रक्रिया उपयुक्त देखिएन । काबुबाहिरको परिस्थिति सिर्जना नभई अघिल्लो सभाले स्वीकृत गरेको योजना कार्यपालिकाको निर्णयले परिवर्तन गर्नु उपर्युक्त होइन । अतः स्वीकृत योजना थपघट गरी संशोधन गर्ने स्थितिमा नियन्त्रण गर्नु आवश्यक छ ।

८. **योजनागत लक्ष्य प्रगतिः** गाँउपालिकाले योजनागत लक्ष्य प्रगति झल्कने प्रगति विवरण तयार गरी पेश नगरेकोले योजनागत प्रगतिको वास्तविक अवस्था यकिन गर्न सकिएन । कार्यालयले पेश गरेको स्रेस्ता परिक्षणबाट गाँउपालिकाले यस आ.व. १४८ योजनामा बजेट विनियोजन गरेकोमा सो मध्ये १०३ योजना सम्पन्न गरेको, २८ योजना आशिंक रुपमा मात्र सम्पन्न गरेको र १७ वटा योजनामा शुन्य प्रगती गरेको देखिएको छ । यसबाट ६५.५९ प्रतिशत योजना सम्पन्न गरेको, ३०.४१ प्रतिशत योजना सम्पन्न हुननसकि अधुरो रहेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा योजना सम्झौतागरी कार्य गर्ने प्रवृत्तीले समयमा कार्यसम्पन्न हुननसकेको देखिन्छ । कार्यालयले शुन्य प्रगति तथा घटी प्रगति सम्बन्धमा सोको कारण पहिचान गरी लक्ष्य अनुरुपको प्रगति हासिल गर्न अग्रसर हुनुपर्ने देखिन्छ ।

९. **चौमासिक खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ९.९४ प्रतिशत अर्थात रु. ३ करोड ५८ लाख ७८ हजार, दोस्रो चौमासिकमा ३५.०२ प्रतिशत अर्थात रु. १२ करोड ६३ लाख ६० हजार, र तेश्रो चौमासिकमा ५५.०४ प्रतिशत अर्थात रु..१९ करोड ८५ लाख ८९ हजार, खर्च गरेको देखिएको छ । यसै गरी आषाढ महिनामा मात्र कुल खर्चको २८.४२ प्रतिशत अर्थात रु.१० करोड २५ लाख २९ हजार, खर्च भएकोमा वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ ।

| क्र. सं | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १. | नरैनापूर गाउपालिका चालु | १२९६२९ | १५२९४ | ६७३६१ | ४६९७४ | १९७०९ |
| २. | नरैनापूर गाउपालिका पूजिगत | १३९७३२ | ३८९३ | ३३४४५ | १०२३९३ | ४९९५१ |
| ३. | सँघिय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु | ८९४४५ | १६२१८ | २५४७९ | ४७७४८ | १४७४ |
| ४. | सँघिय सरकारबाट हस्तान्तरित कार्यक्रम पूजिंगत | २०२२ | ४७३ | ७५ | १४७४ | ३१४०५ |
| | जम्मा | ३६०८२८ | ३५८७८ | १२६३६० | १९८५८९ | १०२५३९ |
| | प्रतिशत | १०० | ९.९४ | ३५.०२ | ५५.०४ | २८.४२ |

१०. **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित कर्मचारी दरवन्दी ३२ रहेकोमा १६ दरवन्दीको पदपूर्ती भई १६ दरवन्दी रित्त रहेको जनाएको छ । करारमा नियुक्ती गरि सेवाप्रवाह गरिरहेको विवरण पेश गरेको छ । कार्यालयले स्वीकृत दरबन्दी वमोजिम स्थायी पदपूर्ती गरी सेवा

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | प्रवाहमा सहजता ल्याउनुपर्दछ । | |
| ११. | **एकीकृत विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकीकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकीकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोबार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से लगायतको बीऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासा समेत नगरेको स्थिति छ । थप स्रोत पहिचान गरी कारोबार समेटनु पर्दछ । | |
| १२. | **बक्यौता रकम असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाँउपालिकाले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तःशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेबाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्नेतर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । | |
| १३. | **आन्तरिक आयको अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउ/गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाँउपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत रु. ४५०४००० लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु ४५०२००० अर्थात अनुमान बराबरकै आय प्राप्त गरेको छ । कार्यालयले आम्दानीका अन्य स्रोतको पहिचान गरी आयआर्जन वृद्धी गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| १४. | **आय दाखिला :** गाँउपालिकाले यो वर्ष सिफारीस, सेवाशुल्क, मालपोत लगायतबाट रु. .४५०२००० आन्तरिक आय प्राप्त गरेकोमा पालिका अन्तर्गतका ६ वटा वडाको आम्दानी समेत एकमुष्ट केन्द्रले नै दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट कुन वडाले गाँउपालिकाको आयमा के कति योगदान गरेको छ एकिन हुन सकेन । अतः आगामी दिनमा कार्यालयले गाँउपालिकाका प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख गरि सोहि दिन दाखिला गर्ने गरि व्यवस्था मिलाउनुपर्ने देखिन्छ । प्रत्येक वडाले मासिक आयविवरण तयार गरि केन्द्रमा( गाँउपालिका) पठाउने र गाँउपालिकाले वडागत विवरण समेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| १५. | **राजश्वको अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाँउपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं.१०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं.१०८ र म.ले.प.फा.नं. २३ राखी राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । साथै राजश्व लेखामा सूचना प्रविधिको प्रयोग बढाई नगद कारोवारलाई निरुत्साहित गरी बैङ्किङ एवम् सुचना प्रणालीमा आधारीत राजश्व असुली प्रक्रिया अवलम्वन गर्नुपर्ने देखिन्छ । | |
| १६. | **रसीद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले आन्तरिक आय वापत रु. ४५०२००० आम्दानी गरेको विवरण पेश गरेकोमा राजश्व असूलीमा प्रयोग हुने रसिद छपाई, गत विगतका बाँकी रसीद र यो वर्ष खर्च तथा आगामी वर्षको लागि जिम्मेवारी सारेको अवस्था खुल्ने रसीद नियन्त्रण खाता अद्यावधिक गरेको नदेखिएकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ । | |
| १७. | **बरबुझारथ** - मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको बुँदा १७ बमोजिम गाँउपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाँउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्ने उल्लेख छ । यस गाँउपालिकामा समाहित भएका साबिकका कटकुइया, लक्ष्मणपूर, कालाफाटा, मटेहिया, गंगापुर र नरैनापूर गाउँ विकास समिति, गाउँपालिका तथा विषयगत कार्यालयको पेश्की बाँकी विवरण, बेरुजू लागत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले यकिन गरी अद्यावधिक गरेको देखिएन । गाँउपालिकाले | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | एकीकृत विवरण तयार गरी उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ। | |
| १८. | **सञ्चित कोष** - स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को दफा ६३ अनुसार गाँउपालिका वा गाँउपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानिय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले साविकका कटकुइया, लक्ष्मणपूर, कालाफाटा, मटेहिया, गंगापुर र नरैनापूर गाउँ विकास समिति तथा गाँउपालिकाको नाममा रहेका कोषहरुको सम्बन्धमा अभिलेख व्यवस्थित नगरेबाट उक्त कोषहरुको मौज्दात रकम यकिन गर्न सकिएन। तत्कालीन गाउँ विकास समितिहरुको नाममा बाँकी रहेका सम्पूर्ण कोषहरु यकिन गरी गाँउपालिका अन्तर्गत ल्याइनु पर्दछ। | |
| १९. | **आर्थिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले सो अनुसार लेखा राखेको देखिएन। यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मूल्याङ्कन गर्न सकिने स्थिति देखिएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ। | |
| २०. | **विद्युतीय लेखा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलब्ध गराई गाँउपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले SUTRA प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गर्दा वित्तिय समानीकरण शशर्त बाहेकका अन्य विषयगत शिर्षकहरु गरिबसंग विश्वेश्वर, प्रधानमन्त्री रोजगार कार्यक्रम सामाजिक सुरक्षा, तथा सामाजिक विकास कार्यक्रम, स्थानीय पूर्वाधार विकास साझेदार कार्यक्रम, लगायतका कार्यक्रमका कारोबारहरु सुत्र बाट लेखाङ्कन गरेको पाइएन। सफ्टवेयरमा सबै कारोबार संचालनमा ल्याउनु पर्दछ। प्रयोगमा ल्याईएको सफ्टवेयरले पनि पेश्कि रकमलाई दोहोरो खर्च देखाउने, भौचरहरु सहजरुपले परिमार्जन गर्न मिल्ने देखिएकाले विद्युतीय प्रणालीमा राखिएको लेखा पनि भरपर्दो हुने देखिदैन। | |
| २१. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ। कार्यालयको कर्मचारी कल्याण कोष खातामा गत वर्ष देखिनै रकम विनियोजन गरेको पाईएन। साथै यो वर्ष समेत ऐन अनुसार कोष खडा गेको नपाईएकोले ऐनको व्यवस्था वमोजिम कर्मचारी कल्याणकोष वापत खाईपाई आएको तलबमा १० प्रतिशत रकम कट्टी गरी सोही वमोजिम थप गरी राख्ने व्यवस्था मिलाउनु पर्दछ। | |
| २२. | **कन्टिजेन्सी खर्च** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० एवं अनुसुची १ ले कन्टिन्जेन्सी खर्चको ब्यबस्था गरेको छ। साथै, अर्थ मन्त्रालयको २०७०।१।२४ को परिपत्र वमोजिम आयोजनाले खर्च गर्ने ५ प्रतिशत कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत रकम पूँजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष आयोजना सञ्चालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकममध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरीरु. ३६,२५,५६२।- खर्च गरेको विवरण पेश गरेतापनि कन्टिन्जेन्सीको छुट्टै खाता व्यवस्थित नगरेबाट कन्टिन्जेन्सी बापतको आम्दानी रकम यकिन गर्न सकिएन। कार्यालयले कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान, मसलन्द, मर्मत सम्भार, भ्रमण खर्च, परामर्श सेवा, विविध खर्च, आर्थिक सहयोग, औषधि उपचार लगायतमा रकम खर्च गरेको छ। मन्त्रालयको परिपत्र वमोजिम कन्टिन्जेन्सी वापतको रकम खर्च गर्नुपर्दछ। साथै, कन्टिन्जेन्सी खाताको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| २३. | **तलबी प्रतिबेदन** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले स्थानीय तहतर्फका कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ। ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ। | |
| २४. | **वातावरणीय प्रभाव मूल्याङकन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ। गाँउपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा बजेट एवं कार्यक्रम तय गरेको देखिएन। गाँउपालिकाले सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई आदी कार्यहरु पर्दछन्। गाँउपालिकाबाट ढल निर्माणको एकीकृत बहु वर्षे योजना समेत बनाएको देखिएन। वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सञ्चालन गरिनुपर्दछ । | |
| २५. | **मनोरञ्जन कर**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ । सुन्दर मुन्दर, बर्फाली बाबा, गाबर्द्धन धाम, रामजानकी मन्दिर, शिब मन्दिर, सोनवर्षा जस्ता धार्मिक तथा पर्यटकिय स्थलका लागि आवश्यक व्यवस्था हुनुपर्दछ । | |
| २६. | **भूमीकर (मालपोत)**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ मा गाँउ/गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको जग्गामा त्यस्तो जग्गा उपयोगका आधारमा भूमीकर (मालपोत) लगाउन सक्ने उल्लेख छ । गाँउपालिकाले यस वर्ष रु. रु.४५०२००० आन्तरिक आयको रुपमा आम्दानी गरेकोमा शीर्षकगत अभिलेख नराखेबाट भूमीकर असूलीको अवस्था यकिन गर्न सकिएन । अभिलेख व्यवस्थित बनाई भूमीकर (मालपोत) असूलीमा वृद्धि ल्याउनुपर्दछ । | |
| २७. | **योजना र कार्यान्वयन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी अधिकाशं सानासाना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |
| २८. | **सभाको निर्णय कार्यान्वयन** - मिति २०७५।०३।३२ मा सम्पन्न गाउँसभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को अनुगमन अभिलेख राखेको नदेखिंदा सभाद्वारा भएको निर्णयको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन । अतः तत्सम्बन्धी अभिलेख एवं प्रमाण व्यवस्थित गर्नुपर्दछ । | |
| २९. | **न्याय सम्पादन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ मा न्याय सम्पादन प्रकृया सम्बन्धमा उल्लेख छ । गाँउपालिका अन्तर्गतको न्यायीक समितिले उपलब्ध गराएको विवरण अनुसार विवाद, घरेलु हिंसा र विविध मुद्दाका १३२ उजुरी तथा निवेदन परेकोमा ५३ उजुरी तथा निवेदन मेलमिलाप मार्फत फछ्यौट गरेको तथा ७९ उजुरी तथा निवेदन फैसला हुन बाँकी देखिन्छ । ऐनको दफा ४९ मा स्थानीय तहले गर्ने न्यायनिरुपण सम्बन्धमा स्पष्ट व्यवस्था भएको अवस्थामा न्यायीक समितिले ऐनमा व्यवस्था भएको अधिकार कार्यान्वयनमा ल्याई समयमै न्याय सम्पादन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३०. | **सेवा करार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा गाँउपालिका तथा गाँउपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेकका अन्य पदमा सेवा करारबाट पदपूर्ती गर्न नपाउने उल्लेख छ । गाँउपालिकाले सेवा प्रवाहको लागि आवश्यक भएको भनी सम्झौता गर.१० जना करार सेवामा नियुक्ती गरी वित्तीय राजश्व बाँडफाँडबाट रु. ३१००७६०।- तलबभत्तामा रकम खर्च गरेको देखियो । ऐनमा भएको व्यवस्था विपरित सेवा करारमा लिई खर्च लेखेको नियमसम्मत नदेखिएको, रु. ...... | ३१००७६० |
| ३१. | **योजना अनुमोदनः** गाउँपालिकाको मिति २०७६।५।१० र ११ मा बसेको गाँउसभाले आर्थिक वर्ष २०७५।७६ मा गाँउपालिकाबाट सञ्चालन गरी हाल सम्म सम्पन्न भएका भुक्तानी तथा खर्चहरुको समर्थन तथा अर्च शिर्षकहरु फरक पारी खर्च भएकोमा सम्बन्धित अर्च शिर्षकमा रकमान्तर भई अर्च भएको मानी पाना ११ मा उल्लेख सम्पूर्ण खर्च समर्थन गर्ने एवं २०७६।३।९ गतेको गाँउसभाले कतिपय योजना तथा कार्यक्रम कार्यान्वयन नहुने अवस्था भएकोले कार्यपालिकाको विभिन्न मितिका निर्णय अनुसार कार्यान्वयन भएका तर वार्षिक वजेटमा उल्लेख नभएका योजना तथा कार्यक्रमलाई वार्षिक स्वीकृत वजेट रकम नबढ्ने गरी आ.व. २०७५।७६ को वजेटमा समावेश गरी उक्त वजेटको अभिन्न अंग मान्ने निर्णय गरेको पाईयो । यस आर्थिक वर्षमा गाउँसभाबाट स्वीकृत नभएका, कार्यपालिकाको निर्णयले सम्पन्न भएका तथा निर्णय नै हुन बाँकी रहेका योजना सम्बन्धमा योजना अनुमोदन गर्ने निर्णय गर्दा आगामी दिनमा पनि निर्णय बेगर कार्य गर्ने प्रवृत्तीले प्रश्रय पाउने हुनाले यस्तो कार्यमा सुधार हुनुपर्दछ। विशेष परिस्थिती सिर्जना भई गाउँसभाको निर्णय बेगरको योजनामा रकम खर्च गर्नु/गराउनु परेमा आवश्यकताको आधारमा गाँउसभाबाट योजना अनुमोदन गराउने तर्फ ध्यान दिनुपर्दछ। बजेट अनुशासन कायम गर्न यस्ता कार्य नियन्त्रण गनुपर्दछ। | |
| ३२. | **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । यस वर्ष कार्यालयले उपभोक्तासमितिबाट अधिकांश निर्माण कार्य गराएकोमा उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य पूर्ण रुपले अवलम्वन गरेको देखिएन । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३३. | **उपभोक्ता समितिको कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगाएतका प्रमाण स्पष्ट देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ। यस वर्ष पालिकाले गाउँस्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा सम्पन्न योजनाको प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति लगायतका विवरण उल्लेख नगरेको तथा उपभोक्ता समितिको छाप समेत लगाएको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बनधीत कागजातमा उल्लेखित विवरण स्पष्टसँग देखिनेगरी उल्लेख गर्नुपर्दछ। | |
| ३४. | **उपभोक्ता समिति छनौट :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समुह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ। | |
| ३५. | **साना योजना केन्द्रीत बजेटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदयवाट काम गराउने कार्यविधि अर्न्तगत निर्माण कार्यको लागत अनुमान तयार गरी सम्बन्धित काम वा सेवाको प्रकृति परिमाण लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा बेहोर्नुपर्ने रकम खुलाई प्रस्ताव लिई सम्झौता गरि कार्य गराउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले उपभोक्ता समितिमार्फत गराएका योजनाको लागत अनुमान तयार गर्दा गाउँ सभावाट छुट्याईएको बजेटको आधारमा लागत अनुमान तयार गरि सोही कार्य मात्र सम्पन्न भएको जनाई भुक्तानी गरेको छ । यसरी कार्य गराउंदा निर्माण कार्यको कुल लागत, सम्पन्न गर्न लाग्ने समयावधि, तथा निर्माण कार्यको गुणस्तर नहुन सक्ने अवस्था रहन्छ। तसर्थ कुनै पनि निर्माण कार्य गराउंदा योजनाको कुल लागत अनुमान तयार गरि उक्त आयोजनालाई प्याकेजको रुपमा निर्धारीत लागतमा तोकिएको समयावधिमा पुरा गरि गुणस्तरियता अभिबृद्धि गरिनु आवश्यक देखिन्छ। यो वर्ष गाउँपालिकाले सभाले पास गरेको बजेटको आधारमा लागत अनुमान तयार गरि संचालन गरेका आयोजनाहरु निम्नानुसार रहेको पाईयो । बजेट बांडफांडमा दिगो विकास र उत्पादकत्व बृद्धि गर्ने खालका ठुला योजना भन्दा साना टुक्रे योजनाले प्राथमिकता पाएको देखियो । कुल योजना १४८ मा ६९ आयोजना रु ५ लाख भन्दा कमका देखिएकोले योजना छनौटमा तहगत रुपमै विस्तृत छलफल तथा विश्लेषण गरी उपयुक्त र ठूला योजनाको छनौट गरिनुपर्दछ। | |

| क.सं | आयोजनाको लागत | आयोजना संख्या |
|---|---|---|
| १ | ५ हजारदेखि ५० हजारसम्मका | ० |
| २ | ५१ हजारदेखि १ लाख सम्मका | ६ |
| ३ | १ लाख १ हजार देखि ५ लाखसम्मका | ६३ |
| ४ | ५ लाख १ हजार देखि १० लाखसम्मका | ५७ |
| ५ | १० लाख १ हजार देखि २० लाखसम्मका | ६ |
| ६ | २० लाख १ हजार देखि ५० लाखसम्मका | १४ |
| ७ | ५० लाख १ हजार देखि १ करोडसम्मका | २ |
| ८ | १ करोड माथि | ० |
| | जम्मा | १४८ |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३६. | **योजना हस्तान्तरण** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ। यो बर्ष उपभोक्ता समितिबाट संचालित कुनै पनि योजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न योजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ। | |
६४. **बिल भरपाईः** ४२५,२०७६।३।७ खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्दछ । कार्यालयले सिद्दिकी कृषि सहकारी संस्था लि.नरैनापुर २ लक्ष्मणपुर बाँकेको पे.फ गर्दा रु ४८९९७०।- को विल भरपाई पेश गरेकोमा रकम — १००३०

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | रु ५००,०००। भुक्तानी गरेकोमा रु१००३०।- को कुनै बिल भरपाई नदेखिएकोले उक्त रकम असूल गरी दाखिला गर्नुपर्ने, रु. | |
| ६५. | **सोलार जडान :** कार्यालयले उपभोक्ता समितिलाई श्रम प्रदान निर्माणका कार्यहरु मात्र गर्न प्राथकिमता दिनुपर्दछ । प्राविधक ज्ञान र सिप आवश्यकता पर्ने कार्यलाई प्रतिस्पर्धा मार्फत सम्पन्न गर्नु पर्दछ । कार्यालयले प्रति घरधुरी रु ५ हजार उपभोक्ताको अंश रहने गरी उपभोक्ता समिति मार्फत सोलार जडान कार्य गरी विभिन्न योजना मार्फत रु ४३८४८००० खर्च लेखेको छ । यस्ता कार्य गर्दा एकमुस्ठ लागत अनुमान बनाई प्रतिस्पर्धा मार्फत गरिनु पर्दछ । प्राविधिक ज्ञान सिप आवश्यक पर्ने कार्य उपभोक्ता समितिबाट गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ । | |

| क्र.सं | गो भौ मिति | उपभोक्ता समितिको नाम | भुक्तानी |
|---|---|---|---|
| १. | ४०२,२०७६/२/६ | मटेहिया घरेलु सोर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | २३६०००० |
| २. | ३०२,२०७५/११/२८ | कटकुईया घरेलु सोर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | ३१२०००० |
| ३. | ३०२,२०७५/११/२८ | महतिनिया घरेलु सोर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | ४१४०००० |
| ४. | ३०२,२०७५/११/२८ | बनिया घरेलु सोर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | ३४५६००० |
| ५. | २४८,२०७५/१०/१६ | नरैनापुर घरेलु सोर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | ४२००००० |
| ६. | २४९,२०७५/१०/१६ | जयराम पुरुवा घरेलु सोर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | ३०००००० |
| ७. | २८४,२०७५/११/१६ | बेउचहवा घरेलु सोर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | ३६६०००० |
| ८. | २६६,२०७५/१०/१७ | कोटीया घरेलु सोर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | ४२००००० |
| ९. | २८०,२०७५/११/१६ | लक्ष्मणपुर घरेलु सोर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | ३३००००० |
| १०. | २५९,२०७५/१०/२३ | कालाफाटा घरेलु सोर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | ३८४०००० |
| ११. | १९०,२०७६/२/६ | जमुनाहा घरेलु सोर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | २४००००० |
| १२. | १९०,२०७६/२/६ | मोतिपुर घरेलु सोर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | २७९९००० |
| १३. | १९०,२०७६/२/६ | पाण्डेपुरुवा घरेलु सोर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | २४००००० |
| १४. | | जम्मा | ४३८४८००० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६६. | **कर्मचारी प्रोत्साहन तलव सुविधा :** ४७२,२०७६।३।३१ गाउँपालीकाले कर्मचारीहरुलाई थप सेवा सुविधा उपलव्ध गराउन हुदैन । थप सुविधा प्रदान गर्नका लागि कार्यसम्पादन निर्देशिका तयार गरि निर्देशिकामा उल्लेखित सुचकांकका आधारमा मात्र थप सुविधा उपलव्ध गराउनु पर्दछ । गाउँपालीकाको कार्यालयले यो आर्थिक वर्ष २०७६।०७७ को गाउँ सभाको तयारीमा खटिएका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता रु २,२९,८४०।०० भुक्तानी गरेको छ । गाउँपालीकाले कार्य सम्पादनमा आधारीत प्रोत्साहन प्रणाली लागु नगरि सोझै एकमुष्ठ भत्ता वितरण गरेको नियम सम्मत नदेखिएको रु.... | २२९८४० |
| ६७. | **अग्रिम कर:** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले देहाय वमोजिका भुक्तानी गरेकोमा अग्रिम आयकर कट्टा गरेको देखिएन । अग्रिम आयकर वापतको रकम असुल गर्नुपर्ने देखिएको रु | ११३९८५.०० |

| क्र.स | भौ.नं. र मिति | उपभोक्ता समिति | सप्लायर्स | भुक्तानी रकम | कर |
|---|---|---|---|---|---|
| १. | १९०,२०७६/२/६ | जमुनाहा घरेलु सौर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | भेरी राप्ती उर्जा प्रा.लि. पुष्पलालचोक, नेपालगञ्ज बाँके | २४०००००.०० | ३६०००.०० |
| २. | १९०,२०७६/२/६ | मोतिपुर घरेलु सौर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | उज्यालो उर्जा प्रा.लि. | २७९९०००.०० | ४१९८५.०० |
| ३. | १९०,२०७६/२/६ | पाण्डेपुरुवा घरेलु सौर्य उर्जा प्रणाली जडान उपभोक्ता समिति | काठमाण्डौं ईनर्जी प्रा.लि. | २४०००००.०० | ३६०००.०० |
| | | जम्मा | | | ११३९८५. |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६८. | **गत वर्षको भुक्तानी-** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ८० (७) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा विल भरपाई बमोजिमको रकम आगामी आर्थिक वर्षमा भुक्तानी दिनुपर्नाको कारण खोलि म.ले.प.फा.नंको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण प्रन्ध्र गते भित्र सम्बन्धित कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरिराख्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले देहायबमोजिमको गत आर्थिक वर्षको भुक्तानी गर्दा म.ले.प.फा.नं १८ प्रमाणित नगरि गाउँसभाको निर्णयले रु **४६३६२००** भुक्तानी गरेको देखिन्छ । | |

| क्र.सं. | भौ.नं. र मिति | विवरण तथा योजनाको नाम | भुक्तानी मिति | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | ८,२०७५/५/२२ | गत आ.व.को २०७४ माघ देखी २०७५ आषाढ मसान्त सम्मको सुजित कुमार तिवारी सहित ६ जना सामाजिक परिचालकको पारिश्रमिक खर्च भुक्तानी दिएको | २०७५/५/२२ | २५६२००.०० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २. | १९,२०७५/६/२ | गत आ.व.को जनप्रतिनिधिहरुको २०७४ श्रावण देखी २०७५ आषाढ मसान्त सम्मको मासिक सुविधा भुक्तानी दिएको | २०७५/६/२ | ४३८००००.०० |
| | | **जम्मा** | | **४६३६२००.००** |

६९. **जिन्सी दाखिला प्रमाण-** जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलीपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्दछ । कार्यालयले देहायका भौचरबाट देहायका सामानहरु खरिद बापत भनी खर्च लेखेको पाइयो । तर सो खरिद जिन्सी सामानको जिन्सी दाखिला गरी लगत खडा गरेको नपाइएकोले ऐनको पालना एवं सामानको संरक्षण भएको समेत देखिएन । अतः सोको जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने रु. — **१२७७३३१.६६**

| क्र.सं | गो.भौ.नं,मिति | खरिद सामान | रकम |
|---|---|---|---|
| १. | १६६,०७५/९/१८ | रामदुत सीड्स एण्ड पेस्टी साईड सप्लार्यस नेपालगञ्ज,बाँके बाट ०७५।७।२५ मा खरिद भएको बर्सिम घाँसको बिउ सहित अन्य तीन प्रकारका घासका बीउहरु | ९९८७५.०० |
| २. | १६७,२०७५/९/१८ | चितवन एग्रोभेट सेन्टर बाट २०७५।७।१५ मा खरिद भएको बडिजो क्यास्टेटर ठुलो सहित पाँच प्रकारका सामान | ६७४००.०० |
| ३. | १६८,२०७५/९/२५ | पशु औषधी प्रयोगशाला सामाग्री तथा डिस्पेन्सरी किट मध्य पश्चिम एग्रोभेट सेन्टर, नेपालगञ्ज बाँकेबाट २०७५।७।१८मा खरिद भएको बिल नं.२० बाट २० थान र बिल नं.२१ बाट ३६ थान, २०७५।७।१९ मा बिल नं. २८ बाट १९ थान र बिल नं.३० बाट १२ थान औषधीहरु | ४१६८८५.०० |
| ४. | २९०,२०७५/११/२२ | तिवारी एग्रो सिड्स प्रा.लि धम्बोजी नेपालगञ्ज, बाँके बाट २०७५।१०।१५ मा खरिद भएको बील नं.२१९ का तरकारी बीउ मिनिप्याकेट लगायतका सामानहरु | १३८०००.०० |
| ५. | १५२,२०७५।९।११ | Optoma Projector Projector Stand Toner Cartage | ६६३७१.६६ |
| ६. | पुजीगत २७।२०७५।९।१७ | Switch router | ४८८८०० |
| | | **जम्माः** | **१२७७३३१.६६** |

७०. **विजक वेगरको भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता प्रमाण पत्र प्राप्त गरेका फर्मबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था । कार्यालयले निम्नानुसार कर विजक विना भुक्तानी गरेको रु नियम सम्मत मान्न नसकिने रु — ५९६०००

| क्र.सं. | गो भौ मिति | विवरण | भुक्तानी |
|---|---|---|---|
| **१** | **३१८-२०७५/८/२३** | रेडियो हिमाल एफ.एम.९८.८ मेगाहर्ज | **९८०००** |
| **२** | **८२-२०७५/८/७** | सरपु मिडिया प्रा.लि. नेपालगञ्ज, | **४९८०००** |
| | **जम्मा** | | **५९६०००** |

७१. **बढी भुक्तानीः** (२११,२०७५।९।२८) मा नरैनापुर सामुदायिक भवनको वाउन्ड्री पर्खाल निमार्णको कार्यसम्पन्न प्रतिवेदन भ्याट सहितको मुल्य रु.१२९९२२।४७ भएकोमा कार्यालयले रु.१४६०००।- भुक्तानी दिएकोमा रु.१६०७७५३ बढी भुक्तानी मो.ईश्माईल खाँ लाई भएकाले असुल गर्नुपर्ने रु.... — १६०७७.५३

७२. **लागु औषध दुर्व्यसन नियन्त्रण सम्बन्धि सचेतीकरण कार्यक्रमः** (४७६,२०७६।३।३१) गाउँपालिकाले तालीम कार्यक्रम संचालन गर्दा अर्थमन्त्रलायको कार्य संचालन निर्देशिका,२०७३ को बुदा नं. ७.१.१५ मा तालिम केन्द्रहरु बाहेकका निकायहरुवाट संचालन हुने कार्यक्रममा लाग्ने खर्चको अधिकतम नर्म्स उल्लेख गरेको छ । गाउँपालिकाले समाज सुधार कार्यक्रम नेपाल संग सम्झौता गरि २०७६।३।३१ मा लागु औषध दुर्व्यसन नियन्त्रण सम्बन्धि सचेतीकरण कार्यक्रम संचालनगर्दा संस्थाले २ जनाका दरले प्रशिक्षक राखि १ देखी ६ वडाहरुमा देहाय वमोजिम भुक्तानी गरेकोमा अर्थ मन्त्रालयवाट जारी भएको कार्य संचालन निर्देशिका, २०७५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक तोकिएकोमा कक्षागत व्यवस्था (प्रतिकक्षा) कार्यपत्र /Handsout वापत रु.१०००।- र कक्षा सञ्चालन वापत रु.४००।- गरी जम्मा रु. १४००।-, संयोजक भत्ता रु.३००।-, प्रतिवेदकको भत्ता(एक दिनको कार्यक्रमकमा) रु.१०००।- र यातायात वापत एकमुष्ट रु.५००।- उल्लेख भए भन्दा वढि भुक्तानी भएको पारिश्रमिक असुल गर्नुपर्ने देखिएको रु — **१४४००**

| सि.न. | प्रशिक्षक | वडा नं. | भुक्तानी | सेसन | दर | पाउने | वढि भुक्तनी |
|---|---|---|---|---|---|---|---|
| १ | शुशिल राज रेग्मी | १ | ४००० | २ | १४०० | २८०० | १२०० |
| २ | युवराज पोखेल | १ | ४००० | २ | १४०० | २८०० | १२०० |
| ३ | नमस्कार रेग्मी | २ | ४००० | २ | १४०० | २८०० | १२०० |
| ४ | विमला रेग्मी | २ | ४००० | २ | १४०० | २८०० | १२०० |
| ५ | शंकर प्र.शर्मा | ३ | ४००० | २ | १४०० | २८०० | १२०० |
| ६ | माघव शाह | ३ | ४००० | २ | १४०० | २८०० | १२०० |
| ७ | विष्णु अधिकारी | ४ | ४००० | २ | १४०० | २८०० | १२०० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | कृष्णा पाण्डे | ४ | ४००० | २ | १४०० | २८०० | १२०० |
| ९ | सालिकराम डागी | ५ | ४००० | २ | १४०० | २८०० | १२०० |
| १० | यादव राम बस्याल | ५ | ४००० | २ | १४०० | २८०० | १२०० |
| ११ | वामदेव पोखेल | ६ | ४००० | २ | १४०० | २८०० | १२०० |
| १२ | मधु खड्का | ६ | ४००० | २ | १४०० | २८०० | १२०० |
| | जम्मा | | ४८००० | | | | १४४०० |

७३. **वितरणमुखी खर्चः** पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलार्य कार्यक्रम र प्रयोजलका आधारमा गाउँपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ । ऐनमा संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । यस्ता खर्चमा दैवी प्रकोप सम्बन्धी खर्च समेत समावेश भएकोमा दैवी प्रकोप सम्बन्धी खर्चलाई राज्यको नीति बमोजिम एकद्धार प्रणाली अपनाउनुपर्नेमा अपनाएको समेत देखिदैन । दैवी प्रकोप जिल्ला समितिबाट मात्र खर्च लेख्ने गरी एकद्धार मार्फत यस्तो खर्च वितरण गरेको नदेखिएकोले यसमा सुधार हुन आवश्यक छ ।

**केहि उदाहरणहरु**

| गो.भौ.नं, मिति | विवरण | रकम |
|---|---|---|
| ४६५,२०७६/३/३१ | वार्ड नं.३ का वडा अध्यक्ष राजकुमार मौर्यलाई अथिति सत्कार खर्च भुक्तानी | ३००८०० |
| २५३,२०७५/१०/२० | वार्ड नं.२ का वडा अध्यक्ष मसुद अहमद शाह लाई सास्कृतिक मेला पर्व प्रवर्धन खर्च भुक्तानी | २२०००० |
| ७३,२०७५/८/३ | वार्ड नं.२ का वडा अध्यक्ष मसुद अहमद शाह लाई सास्कृतिक मेला पर्व प्रवर्धन खर्च भुक्तानी | ३००००० |
| ४७८,२०७६/३/३१ | गा.पा.अध्यक्ष श्री इश्तियाक अहमद शाहले वडा दशै २०७५को अवसरमा देवी मुर्ति विर्सजन वापत लालजी प्रसाद यादव सहित ३८ जनालाई रकम वितरण गरेको | २५५००० |
| | जम्मा | १०७५८०० |

७४. **(३२९,०७५।१२।१५)** गाउँपालिकाले सुचना र मानव अधिकार अनुसन्धान केन्द्र (IHRC) नेपालगञ्ज, बाँके लाई नरैनापुर दौड कार्यक्रमका लागि रु.३५०,०००।- भुक्तानी गरेको मा संस्था(IHRC) सुचनाको हक, सुशासन र मानव अधिकारका क्षेत्रमा काम गर्ने एक गैह्र सरकारी संस्था हो । संस्थाको उदेश्यसंग मेल नखाने कार्यक्रम नरैनापुर दौड कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले सम्भौता गरी भुक्तानी दिनु नियमसंगत नदेखिएको । कार्यक्रमको औचित्य एवं मापदण्ड पुरा नभै संचालन गरेको कार्यक्रमको गुणस्तर तथा प्रभावकारीताका सम्वन्धमा एकिन हुन सकिएन ।

७५. **निजि सचिव, कानुनी सल्लाहकार तथा प्रेस सल्लाहाकार-** प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ ले गाँउपालिका अध्यक्ष तथा उपाध्यक्षले निजि सचिव, कानुनी सल्लाहकार तथा प्रेस सल्लाहाकारराख्न पाउने व्यवस्था गरेको छैन । गाँउपालिकाले अध्यक्ष तथा उपाध्यक्षको सल्लाहकारको रुपमा निम्नानसारको नियुक्त गरी सुविधा खर्च लेखेको रु ९७५००० नियम सम्मत मान्न नसकिने रु ९७५०००

| क.सं. | नाम | विवरण | भुक्तानी |
|---|---|---|---|
| १. | धनबहादुर खड्का | अध्यक्षको निजि सचिव | २७३००० |
| २. | नविन गिरी | अध्यक्षको प्रेस सल्लाहकार | १८०००० |
| ३. | केशबराज पन्त | उपाध्क्षको कानुनी सल्लाहकार | २४०००० |
| ४. | कुल रत्न श्रीवास्तव | उपाध्क्षको निजि सचिव | २८२००० |
| | जम्मा | | ९७५००० |

७६. **तालिम सञ्चालनः ४४७,२०७६।३।२१** मा कार्यालयले मानव बेचविखन विरुद्ध ३ दिने अभिमुखिकरण कार्यक्रममा तालिमका देहायका प्रशिक्षकहरुलाई अर्थ मन्त्रालयवाट जारी भएको कार्य संचालन निर्देशिका, २०७५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक तोकिएकोमा कक्षागत व्यवस्था (प्रतिकक्षा) कार्यपत्र रज्बलमकयगत वापत रु.१०००।- र कक्षा सञ्चालन वापत रु.४००।- गरी जम्मा रु. १४००।-, संयोजक भत्ता रु.३००।-, प्रतिवेदकको भत्ता(एक दिनको कार्यक्रमकमा) रु.१०००।- र यातायात वापत रु.५००।- उल्लेख भए भन्दा वढि भुक्तानी भएको प्रशिक्षक भत्ता असुल गर्नुपर्ने देखिएको रु.... ५८२००

| सि.न. | नाम | पद,विवरण | भुक्तानी | तालिम संचालन मिति | शेशन | दर | पाउने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुरज कुमार श्रीवास्तव | प्रशिक्षक | १२००० | २०७६/३/१२ देखी ३/१५ | ६ | १४०० | ८४०० | ३६०० |
| २ | अमित चौधरी | सहायक प्रशिक्षक | १५००० | २०७६/३/१२ देखी ३/१५ | ६ | १४०० | ८४०० | ६६०० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | भरत के.सी | प्रशिक्षक यातायात | १८००० | २०७६/३/१२ देखी ३/१५ | ३ | १००० | ३००० | १५००० |
| ४ | अमित चौधरी | प्रशिक्षक | १५००० | २०७६/३/९ देखी ३/१२ | ४ | १४०० | ५६०० | ९४०० |
| ५ | सुरज कुमार श्रीवास्तव | प्रशिक्षक | १२००० | २०७६/३/९ देखी ३/१२ | ४ | १४०० | ५६०० | ६४०० |
| ६ | भरत बहादुर खत्री | प्रशिक्षक | १८००० | २०७६/३/९ देखी ३/१२ | ४ | १४०० | ५६०० | १२४०० |
| ७ | रामबलक पासी | प्रशिक्षक | ८००० | २०७६/३/८ देखी ३/९ | ४ | १४०० | ५६०० | २४०० |
| ८ | कृष्ण बहादुर वि.के | प्रशिक्षक | ८००० | २०७६/३/८ देखी ३/९ | ४ | १४०० | ५६०० | २४०० |
| | **जम्मा** | | | | | | | **५८२००** |

**सशर्त अनुदान शिक्षातर्फः**

७७. **शिक्षक अभिलेख** - शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४।७५ अनुसार शिक्षा विकास समावेशी शाखाबाट प्रमाणित गरी पठाएको दरबन्दी विवरणका आधारमा अद्यावधिक गरी राखेको अभिलेखको आधारमा शिक्षक एवं कर्मचारीहरुको तलब भत्ता लगायत रकम विद्यालयगत रुपमा यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले विद्यालयगत रुपमा शिक्षकहरुको स्थायी, अस्थायी एवं राहत दरबन्दी अद्यावधिक गरेको पाइएन । साथै यस आर्थिक वर्षमा कुन कुन विद्यालयहरुमा के कति संस्थामा नयाँ शिक्षकको नियुक्ती भयो एवं के कतिको सरुवा, बढुवा, अवकाश एवं बेतलवी विदामा रहेका छन् सोको अभिलेख समेत अद्यावधिक गरेको पाइएन । कार्यालयले उल्लेखित विवरण अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्दछ ।

७८. **बढी निकासाः** शिक्षकको चौमासिक तलब निकासा गर्दा विद्यालयले पठाएको माग फारमको आधारमा शिक्षक दरबन्दी विवरणको आधारमा एकिन गरी पठाउनु पर्ने व्यवस्था छ । साथै विद्यालयलाई पाठ्यपुस्तक, दिवा खाजा र छात्रवृती को निकासा दिदा विद्यार्थी संख्याको याथार्थ विवरणको आधारमा दिनु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार विद्यालयले माग गरेको भन्दा रु बढी निकासा गरेको देखिन्छ । बढी निकासा गरेको रु सम्बन्धित विद्यालयबाट फिर्ता गरी दाखिला गर्नुपर्ने रु — २७३१८७.३

| क्र.सं. | संस्थाको नाम | माग फारम | निकासा | बढी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ने.रा.प्रा.वि. गेगली | २४०७५७.९० | २४३१८६.६० | २४२८.७ | तेश्रो चौमासिक तलब |
| २ | जय किसान मा.वि. भोजपुर | ६७२०७४.३ | ९१५९६६.९ | २४३८९२.६ | |
| ३ | ने.रा.प्रा.वि. बनियाँगाव बघौडा | ३०६८४ | ५२६९३ | २२००९ | अपुग पाठ्यपुस्तक अनुदान |
| ४ | ने.रा. आधारभुत विद्यालय जमुनि | २५८२७ | ३०६८४ | ४८५७ | |
| | **जम्मा** | | | २७३१८७.३ | |

७९. **माग फारम बिना निकासाः** शिक्षकको चौमासिक तलब निकासा गर्दा विद्यालयले पठाएको माग फारमको आधारमा शिक्षक दरबन्दी विवरणको आधारमा एकिन गरी पठाउनु पर्ने व्यवस्था छ । साथै विद्यालयलाई पाठ्यपुस्तक, दिवा खाजा र छात्रवृती को निकासा दिदा विद्यार्थी संख्याको याथार्थ विवरणको आधारमा दिनु पर्ने व्यवस्था छ । कार्यालयमा शिक्षक तथा विद्यार्थीको विवरण समेत अध्यावधिक नगरी निकासा गर्दा माग फारम प्राप्त पेश नगरी शिक्षक तलब, पाठ्यपुस्तक अनुदान वापत रु २८१४८० निकासा दिएको देखिदा एकिन गरी पेस गर्नु पर्ने रु — २८१४८०

| क्र.सं. | गो.भौ.मिति | विद्यालय/मदरसाको नाम | चौमासिक | रकम |
|---|---|---|---|---|
| १ | ९८-२०७५।११।२८ | मदरसा सिराजिया दारुल उलुम मियापूर्वा | दोश्रो | ९६६८० |
| २ | | महेन्द्र मा.वि. मटेहिया | | १०८८०० |
| | ८४-२०७५।११।९ | आदर्श मा.वि. लक्ष्मणपुर | | ७६००० |
| | | जम्मा | | २८१४८० |

८०. **निजि शिक्षकलाई भुक्तानीः** सशर्त अनुदानमा आएको रकम तोकिएको कार्यक्रम बाहेक खर्च लेख्न नपाईने व्यवस्था छ । कार्यालयले सशर्त शिक्षामा आएको बजेटबाट गाउपालिकाले नियुक्त गरेको निम्नानुसारका विद्यालयका शिक्षकलाई तलब वापत रु २१७८७९९.८४ निकासा गरेको देखिन्छ । नियम विपरित गरेको खर्च संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु — २१७८७९९.८४

| क्र.सं. | गो.भौ.मिति | संस्थाको नाम | रकम |
|---|---|---|---|
| १. | १५–२०७५.०८.६ | श्री जय किसान मा.वि. भोजपुर | ९०००० |
| २. | | श्री आर्दश मा.वि. लक्ष्मणपुर | ९०००० |
| ३. | | श्री आर्दश मा.वि. लक्ष्मणपुर | ८०००० |
| ४. | | श्री ने.रा. आधारभुत विद्यालय जमुनी | ८०००० |
| ५. | | श्री जय किसान मा.वि. भोजपुर | ८०००० |
| ६. | | श्री जय किसान मा.वि. भोजपुर | ८०००० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | रकम |
|---|---|---|---|---|
| | ७. | | श्री महेन्द्र मा.वि. मटेहिया | ८०००० |
| | ८. | | श्री ने.रा.प्रा.वि.वि. जमुनहाँक | ५५००० |
| | ९. | | श्री ने.रा.प्रा.वि.वि. रोशनपुर्वा | ५५००० |
| | १०. | | श्री ने.रा.प्रा.वि.वि. खोदावा | ५५००० |
| | ११. | | श्री नमुना प्रा.वि.वि. मोतीपुर | ५५००० |
| | १२. | | श्री ने.रा. आधारभुत विद्यालय जमुनी | ५५००० |
| | १३. | | श्री वी.पि.प्रा.वि.वि. सोनवर्षा | ५५००० |
| | १४. | | श्री ने.रा.प्रा.वि.वि.शंकर नगर कोटिया | ५५००० |
| | १५. | | श्री मदरसा जामिया अरविया गरीब नवाज जमुनहाँ | ५५००० |
| | १६. | | श्री मदरसा सिराजिया दारुल उलुम लक्ष्मणपुर | ५५००० |
| | १७. | | श्री ने.रा.प्रा.वि.वि. गेगली | ५५००० |
| | १८. | | श्री मदरसा गौसिया गुल्शेन रजा मटेहिया | ५५००० |
| | १९. | | श्री जय किसान मा.वि. भोजपुर | ५५००० |
| | २०. | | श्री महेन्द्र मा.वि. मटेहिया | ३०००० |
| | २१. | १३२–२०७६.०३.१९ | मदरसा आमिया अरयिबा गरीब नवाज जमुनाहाँ | ७५७३३.३२ |
| | २२. | | ने.रा.प्रा.वि. खोदावा | ३७८६६.६६ |
| | २३. | | महेन्द्र मा.वि मटेहिया | ३७८६६.६६ |
| | २४. | | मदरसा अरयिबा गुलशने बारिस नरैनापुर | ३७८६६.६६ |
| | २५. | | ने.रा.प्रा.वि. बनियागाव | ७५७३३.३२ |
| | २६. | | मदरसा दारुल उलूम इमाम अहमद रजा बनियागावं | ३७८६६.६६ |
| | २७. | | मदरसा सिरजिया इस्रारुल उलूम मियापूर्वा | ७५७३३.३२ |
| | २८. | | मदरसा जामिया अरयिबा उस्मानिया पण्डितपूर्वा | ३७८६६.६६ |
| | २९. | | नमूना प्रा.वि. मोतिपूर | १५१४६६.६४ |
| | ३०. | | मदरसा इस्लामिया अरयिबा रोशनपूर्वा | ३७८६६.६६ |
| | ३१. | | मदरसा सिद्धीकया दारुल उलूम लक्ष्मणपूर | ३७८६६.६६ |
| | ३२. | | ने.रा.प्रा.वि. पचपडेवा | ३७८६६.६६ |
| | ३३. | | ने.रा. आधारभूत विद्यालय जमुनि | ७५७३३.३२ |
| | ३४. | | मदरसा इस्लामिया ज्याउल उलूम रेतहिया | ३७८६६.६६ |
| | ३५. | | मदरसा कादरिया असगर अली नसीरुल उलूम भोजपूर | ३७८६६.६६ |
| | ३६. | | मदरसा दारुल उलुम अमजादिया बरकालिया बेउँचहवा | ३७८६६.६६ |
| | ३७. | | मदरसा गौसिया गुल्शने रजा मटेहिया | ३७८६६.६६ |
| | | जम्मा | | २१७८७९९.८४ |

**सशर्त अनुदान स्वास्थ्यतर्फः**

८१. **तलबी प्रतिवेदन** - स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७(क)५ मा स्वास्थ्य सेवा अन्तर्गत कार्यरत जिल्ला स्थित कार्यालयका कर्मचारीहरुको तलबी प्रतिवेदन जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराएर मात्रै तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आ.ब.मा विभिन्न स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाइएकोले कुन कुन कर्मचारीले के कति सेवा सुविधा एवं ग्रेड रकम पाउने हो यकिन गर्न सकिएन । अतः ऐनमा भएको व्यवस्था अनुरुपको तलबी प्रतिवेदन पारित गरेर मात्रै सोको आधारमा तलब खर्च लेख्नुपर्ने देखिन्छ ।

८२. ३९३-२०७६।०२।३ कार्यसञ्चालन निर्देशिका,२०७५ को बूँदा ७.१.१५ बमोजिम १ कक्षा १.५ घण्टाको भएमा कार्यपत्र सहित रु.१५०० पाउने र १ दिन ४ वटा कक्षा सञ्चालन गर्न सक्ने व्यवस्था छ । तर पूर्ण सरसफाई अभियान कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले RUSUF Multipurpose(P) LTD Banke सँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्दा देहाय अनूसार रु. ५४५००। निर्देशिका विपरीत भूक्तानी गरेकोले उक्त रकम रु.५४५००.-असुल गर्नुपर्ने रु...... ५४५००

| क.सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन मिति | प्रशिक्षकको नाम | प्रति सेसन | सेसन | भएको भूक्तानी | गर्नुपर्ने भूक्तानी | बढी |
|---|---|---|---|---|---|---|---|---|
| 1. | खूल्ला दिशा मूक्त तथा सरसफाई | २०७५।०९।११-९।१४ | सतिस पाठक | ५००० | ४ | २०००० | ६००० | १४००० |
| 2. | | २०७५।१०।७-१०।१० | सिन्धू कूमारी कर्ण | ५००० | ४ | २०००० | ६००० | १४००० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 3. | सम्बन्धि अभिमूखिकरण तालिम | २०७५।०९।२७-९।२९ (३ दिनको ४ वटा कक्षाको दरले १२ कक्षा हुनुपर्ने ) | विष्णू प्रसाद अधिकारी | १५०० | १६ | २४००० | १८००० | ६००० |
| 4. | | २०७५।०९।२७-९।२९ | रियाज अहमद मूकेरी | ५००० | ४ | २०००० | ६००० | १४००० |
| 5. | | २०७५।०९।१७-९।२० | सतिस पाठक | २५०० | ४ | १०००० | ६००० | ४००० |
| 6. | | २०७५।०९।७ | हरि प्रकाश खनाल | ४००० | १ | ४००० | १५०० | २५०० |
| | जम्मा | | | २३००० | ३३ | ९८००० | ४३५०० | ५४५०० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ८३. | १४७–०७६.०३.३१ नरैनापुर गाउँपालिकाका आयोजना र बासको सहजिकरणमा सम्पन्न नरैनापुर गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण कार्यक्रम गर्दा कार्यक्रमको अनुगमन गर्दा कुन कुन कर्मचारीले कहाँ कहाँ अनुगमन गरेको, अनुगमन गर्ने कर्मचारीको नाम तथा अनुगमन भत्ता बुझेको भरपाई पनि नभएकोले कर बाहेक रु.८०५०। असुल गर्नुपर्ने रु..... | ८०५० |
| ८४. | १४२–०७६.०३.३१ नरैनापुर स्वास्थ्य चौकीलाई आमा सुरक्षा कार्यक्रमवापत फाल्गुन महिनामा १३ जना प्रसूतीको लागि रु.३२४००. भुक्तानी दिएकोमा उक्त स्वास्थ्य चौकीले ९ जना प्रसूतीलाई मात्र रु.२४४०० वितरण गरेको पाइयो । तसर्थ ४ जनाको यातायात खर्च र स्वास्थ्य संस्थाको कम भुक्तानी रकम रु.८००० असुल गर्नुपर्ने.. | ८००० |
| ८५. | १४२–०७६.०३.३१ मटेहिया स्वास्थ्य चौकीलाई आमा सुरक्षा कार्यक्रमको लागि मंसिर महिनामा रु.२५६०० भुक्तानी भएकोमा ७ जनाको प्रोटोकल वापत रु.१२७०० भुक्तानी गर्नुपर्नेमा रु.६३५० र १ जना बाहेकको प्रसूतिलाई रु.१००० भुक्तानी गर्नुपर्नेमा रु.५०० भुक्तानी गरेको पाइयो । तसर्थ कम भुक्तानी रु.६८५० असुल गर्नुपर्ने रु | ६८५० |
| ८६. | **भत्ता बूझेको भरपाई** : गाउँपालिकाले विभिन्न स्वास्थ्य चौकीलाई आमा सूरक्षा कार्यक्रम अर्न्तगत रकम निकासा गरेकोमा प्रसूतिलाई आमा सूरक्षा कार्यक्रम अन्तर्गतको भत्ता वितरण गरेकोमा भत्ता बूझेको भरपाई नरहेकोले निम्न स्वास्थय चौकी प्रमूखबाट रु.९०००।-भत्ता असूल गर्नुपर्ने रु.............. | ९००० |

| क्र.सं. | गो.भौ.मिति | स्वास्थ्य चौकीको नाम | प्रसूतिको नाम | निकासा महिना | रकम |
|---|---|---|---|---|---|
| 1. | १३६-०७६।०३।२७ | लक्ष्मणपूर प्राथमिक स्वास्थ्य केन्द्र | शान्ती मौर्य | बैशाख | १८०० |
| 2. | | | साबरुन साई | चैत्र | १८०० |
| 3. | | | रोशनजाहा पठान | जेठ | १८०० |
| 4. | | | सालमजाहा पठान | | १८०० |
| 5. | | | फाल्मा अंसारी | | १८०० |
| | जम्मा | | | | ९००० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ८७. | **आर्थिक सहायता:** महालेखानियन्त्रकको कार्यालयले जारी गरेको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या निर्देशिका, २०६४ अनुसार आर्थिक सहायता दिन नपाउने व्यवस्था छ । २०७५।३।३२ को गाँउसभाकोले अध्यक्षले रु १० हजार र प्रमुख प्रशासकिय अधिर्कतले रु ५ हजार सम्म वडा कार्यालयको सिफारीसमा प्रतिव्यक्ति दिन सक्ने गरी गाँउपालिकाले यस वर्ष वित्तिय समानिकरण अनुदानबाटरु.३१८०००- बराबरको रकम आर्थिक सहायता वापत खर्च गरेको नियमसम्मत देखिएन । यस्तो प्रकारको वितरणमुखी खर्चमा नियन्त्रण हुनुपर्ने देखिएको, रु. | ३१८००० |
| ८८. | **सवारी साधन खरिद:** अर्थ मन्त्रालयको स्थानीय तहमा वजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराईएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । यस वर्ष कार्यालयले अर्थमन्त्रालयको स्वीकृति बेगर वित्तिय समानिकरण अनुदानको रकमबाट सिलबन्दी बोलपत्रको माध्यमबाट निम्नानुसारको सवारी साधन खरिद गरी रु ३८०२९०।- भुक्तानी गरेको नियमसम्मत नदेखिएको, रु. ...... | ३८०२९० |

| भौ.न र मिति | सवारी साधनको नाम | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| २२-२०७५/९/४ | Soil compactor | Buddha Electro Power Pvt.Ltd. | ३५३३००० |
| ३७-२०७५/९/२६ | Honda Unicrorn Motercycle | Bhajuratna Engineering and sales ltd | २६९९०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | जम्मा ३८०२९०० | |
| | **सामाजिक सुरक्षा तर्फ :** | |
| ८९. | **लाभग्राहीको नाम नवीकरण:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ परिच्छेद २ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीहरुले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाँउपालिका वा गाँउपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । सो कार्यविधिको उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा यस गाँउपालिकाले सोको परिपालना गरेको पाइएन । कार्यविधिको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ९०. | **लाभग्राहीको अभिलेख :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १० मा स्थानिय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको अनुसुची ५ बमोजिमको मुल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्नेछ । साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम. आई. एस. मा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले हालसम्म पनि सबै वडाको मुल अभिलेख अद्यावधिक गरी प्रविष्टि गरेको पाईएन । कार्यालयले यस तर्फ ध्यान दिनुपर्दछ । | |
| ९१. | **राजस्व दाखिला:** गाउँपालिकाले आम्दानी गरेको राजस्व समयमै संचित कोषमा दाखिला गर्न पर्दछ । निम्नानुसार वडा सचिव खड्क बहादुर बस्नेतले आम्दानी भन्दा कम दाखिला गरेको रु ६२११४.०० असुल गर्नुपर्ने रु | ६२११४.०० |

| क्र.सं. | वडा नं. | आम्दानी | दाखिला | फरक |
|---|---|---|---|---|
| १. | वडा नं. ४ | ३२७७२८.०० | २८६६१४.०० | ४१११४.०० |
| २. | वडा नं. ३ | २७६०२५.०० | २५५०२५.०० | २१०००.०० |
| | जम्मा | | | ६२११४.०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ९२. | **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु , | ९६०५०७५ |

| सि. | शिर्षक | पेश्की लिनेको नाम | प्रयोजन | पेश्की रकम |
|---|---|---|---|---|
| १. | ३७११०८३ प्रधानमन्त्री रोजगार कार्यक्रम | श्री मोल्हे बेहना शेष | सरकारी कामको शिलशिलामा | ३३५००० |
| २. | | श्री मसुद अहमद शाह | | ३३५००० |
| ३. | | श्री राज कुमार मौर्य | | ३३५००० |
| ४. | | श्री दिनेश प्रसाद मौर्य | | ३३५००० |
| ५. | | श्री कृष्ण चन्द मौर्य | | ३३५००० |
| ६. | | श्री विरेन्द्र पाल सिंह | | ३३५००० |
| ७. | ३१२२०५३,गरिब सँग विशेश्वर | श्री रामशय यादव | खानेपानी धारा | १००००० |
| | | | समर सी वल पम्पमिटर | ४०००० |
| | | | मौसमी तथा बेमौसमी तरकारी खेती | ६०००० |
| ८. | तराई मधेश समृद्धि कार्यक्रम | श्री हरि ॐ कन्स्ट्रक्सन निर्माण सेवा | अपांङ्ग भवन निर्माण कार्यका लागि | ३६०००० |
| ९. | संघीय सरकारबाट हस्तानतरीत कार्यक्रम ८०५५७५०४५ ०१ चालु | श्री कृष्णा कुमारी चन्द | लैगिंक हिंसा निवारणमा न्यायिक समितिको क्षमता विकास तालिम | ५००० |
| १०. | संघीय सरकारबाट हस्तानतरीत कार्यक्रम पुजिगत | श्री श्याममणी प्रसाद मण्डल | विरुवा उत्पादन सहयोग | ७५००० |
| ११. | | श्री श्याममणी प्रसाद मण्डल | बृक्षारोपण | ५००००० |
| १२. | | श्री दिपेश निमार्ण सेवा | १२ महतेनिया पुल देखि सिमा सम्म जाने बाटोमा पि.सि.सि. गर्ने कार्य(क) | १८३००० |
| १३. | | श्री बहुउद्देश्यीय विकास मञ्च | बृक्षारोपण | ४९०००० |
| १४. | | श्री मदरसा गौसिया गुलशने रजा मटेहिया | मटेहियामा मदरसाको पर्खाल निर्माण | ७७२०० |
| १५. | | श्री बाटो निर्माण उपभोक्ता समिति | थप १३५ फुटकर योजना सिफारिसमा | ६०००० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | रकम |
|---|---|---|---|---|---|
| १६. | नरैनापुर गाउँ कार्यपालिका ८०५५७५०४० ०१ पुँजीगत | श्री शिव पार्वती मन्दिर निर्माण समिति | थप १३५ फुटकर योजना सिफारिसमा | ९६५०० | |
| १७. | | श्री बनिया गाँउमा मदरसा स्कुल देखि कब्रस्थान सम्म पि सि सि गर्ने | २३ बनिया गाँउमा मदरसा स्कुल देखी कब्रस्थान सम्म पि.सि.सि गर्ने | ९९४०० | |
| १८. | | श्री कालीमन्दिर कम्पाउण्ड वाल नि.उ.स. | थप १३२ बाहापुर्वामा मन्दिर निर्माण | ४९००० | |
| १९. | | श्री ईनार मर्मत उपभोक्ता समिति | थप १३५ फुटकर योजनामा सिफारिस | १०००० | |
| २०. | | श्री नुर खलिफा मजार निर्माण उपभोक्ता समिति | ५१ नुर खालिफा मजार सौन्दर्यकरण तथा सजावट | ५००००० | |
| २१. | | श्री बानिया गाउँमा महेशर बेहनाको घर देखी पण्डितको बगैंचासम्म पि सि सि बाटो निर्माण उ.भो.स | २५ बानिया गाउँमा महेशर बेहनाको घर देखी पण्डितको बगैंचासम्म पि सि सि गर्ने | ३९६००० | |
| २२. | | श्री मुमताज शाह कृषक समुह | २७ सुईयागाउँमा अनारा पासिको घर देखि निमको रुख हुदै मस्जिद सम्म बाटो पि.सि.सि गर्ने | १९३००० | |
| २३. | | श्री कालागाँउ कन्हैयादास बाबा मन्दिर वाल नि.उ.स | थप १५५ कालागाउँमा कन्हैयादासबाबा मन्दिरमा पर्खाल निर्माण | १००००० | |
| २४. | | श्री घोड दौरीया गाउँमा मस्जित मदरासा निमार्ण उपभोक्ता समिति | मस्जित मदरासा निमाण | १५४००० | |
| २५. | | श्री कैन नालामा वाल निर्माण उपभोक्ता समिति | थप १३५ फुटकर योजना सिफारिसमा | २००००० | |
| २६. | | श्री शिव महादेव बाबा मन्दिर निर्माण उपभोक्ता समिति | शिव महादेव बाबा मन्दिर निर्माण | ७७००० | |
| २७. | | श्री रामजानकी मन्दिर निर्माण उपभोक्ता समिति | पचपेडबामा पारसनाथ घर नजिम रामजनकी मन्दिर निर्माण | ४०००० | |
| २८. | | मदरसा ज अ ग न शौचालय उपभोक्ता समिति | थप १३५ फुटकर योजना सिफारिसमा | १६४०५ | |
| २९. | | पचपेडवामा गावट मन्दिर निर्माण उ.स | पचपेडवामा गावट मन्दिर निर्माण | २०००० | |
| ३०. | | शेर ब.घरदेखी म. सम्म जाने बाटोमा नि उ.स. | शेर ब.घरदेखी म. सम्म जाने बाटोमा निर्माण | ९६४०० | |
| ३१. | | गौ.ब्य.तथा पो.नि.उ.स | मोतिपुर सिङ्गाफाटामा गौशाला तारबार निर्माण | १००००० | |
| ३२. | | कालागाउँ कन्हैयादास बाबा मन्दिर वाल नि.उ.स | कालागाउँ कन्हैयादास बाबा मन्दिर वाल निर्माण | ४००००० | |
| ३३. | | ३ नं. वडाको स्लेव निर्माण उ.स | तीन नं. वडा कार्यालय मर्मत | ९५३७० | |
| ३४. | | माँ काली निर्माण उपभोक्ता समिति | थप १३५ फुटकर योजना सिफारिसमा | १००००० | |
| ३५. | | कोदापुर्वामा गावट मन्दिर निर्माण उ.स | कोदापुर्वामा गावट मन्दिर निर्माण | ५०००० | |
| ३६. | | महतिनिया पि.सि.सि.नि.उ. समिति | कब्रास्थान देखी चौधरी जोलाहाको घर सम्म बाटो निर्माण | १००००० | |
| ३७. | | बोरिङ्गजडान उपभोक्ता समिति | विविध | ७००००० | |
| ३८. | | सुईया गाउँमा अनारापासीको घरदेखी निमको रुख हुदै मस्जिदसम्म पि.सि.सि. वाटो निर्माण उ.स. | मस्जिदसम्म पि.सि.सि. वाटो निर्माण | १५५००० | |
| ३९. | | नरैनापुर गाउँमा शिवमन्दिर निर्माण उ.समिति | नरैनापुर गाउँमा शिवमन्दिर निर्माण | १००००० | |
| ४०. | नरैनापुर गाउँ कार्यपालिका ८०५५७५०४० ०१ चालु | राज कुमार मौर्य | विविध खर्च अतिथि सत्कार समेत | ३००८०० | |
| ४१. | | कृष्णा कुमारी चन्द | महिला स-शक्तिकरण तालिम | ५००००० | |
| ४२. | | रेडियो हिमाल एफ.एम ९२.८ मेगाहर्ज | हेलो नरैनापुर रेडियो कार्यक्रम | ६००० | |
| ४३. | | सोहन लाल यादव | कार्यक्रम खर्च | ९९०००० | |
| | जम्मा | | | ९६०५०७५ | |

**आन्तरिक लेखापरीक्षण बाट कायम भएका व्यहोराहरुः**

९३. **आन्तरिक लेखापरीक्षणः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२)मा ले स्थानिय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । कार्यालयले सबै प्रकारको आय र व्ययको आन्तरिक लेखापरीक्षण गराई प्रतिबेदन लेखिएका व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गराई अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्नु पर्नेमा कार्यालयले विषयगत शिर्षकको मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरीक लेखापरिक्षण गराई देखिएको कैफियतको असुल फछ्र्यौट गरेको देखिन्छ । सबै आर्थिक कारोबारको आन्तरिक

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | लेखापरिक्षण नगराएवाट आन्तरिक नियन्त्रण प्रणालीमा कार्यालयले समेत प्राथमिकता दिएको देखिएन । यसमा सम्बद्ध पक्षले ध्यान पुर्याउन पर्ने देखिन्छ । | |

अनुसुची: १

## नरैनापुर  गाउँपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेश नं. ५**

(रु.हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१±५—९) |
| १ | नरैनापुर गाउँपालिका | बाँके | ५५१२६ | ११५०४२ | ११९५८६ | १६८२६७ | ४०२८९५ | १२९६२९ | १३९७३२ | १८२२३९ | ४५१६०० | ६४२१ |

अनुसुची: २

## नरैनापुर गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | बाँके | नरैनापुर गाउँपालिका | ४८ | ४० | ५७६२६ | ० | ० | ० | ४८ | ४० | ५७६२६ | ४५५९ | १९४५० | २४०१२ | ० | ० | ४३४६२ | ४५८१ | ५०२४ | ९६०५ |

अनुसुची: ३

## नरैनापुर गाउँपालिकाका अद्यावधिक वेरुजू स्थिति

(रु.हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको  वेरुजू | कुल बाकी  वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | नरैनापुर  गाउँपालिका | बाँके | ५३९१० | ० | ५३९१० | ० | ५७६२६ | १११५३६ |